'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००

www.rekhadekh.com रूकुमको लोकप्रिय पत्रिका राष्ट्रिय साप्ताहिक

वर्ष ७ अंक २ रूकुम २०७७ मंसिर २२ सोमबार 7 December 2020 Monday पृष्ठ ६

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सम्पर्कको लागि :

९८५१२३६७१३,९८४७८७६७१३


Email-info@rekhadekh.com



**सत्ताको झगडा अर्थात् प्रतिगमनलाई भर्याङ**

'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लगाएर सत्तामा पुगेको नेकपाले जनसाधारणलाई निराशाबाहेक केही दिन सकेन ।

२



**यस्ता छन् मुटु स्वस्थ राख्ने ७ उपाय**

तपाईंको पारिवारिक पृष्ठभूमि मुटु रोगसम्बन्धी छ भने तपाईलाई यसको बढ्दो खतरा हुन्छ। मुटु रोगको खतरलाई न्यून उपाय अपनाउनु पर्दछ ।

५



**होटेलको पाँचौं तलमा जान प्रतिबन्ध !**

रोचक त के भने ४७ तले यो होटलमा रहेको लिफ्टमा पाँचौं तलको बटन नै छैन। अर्थात् होटलका पाहुनाहरु पाँचौं तलामा जान सक्दैनन् ।

६

## वेपत्ता आयोग

# पीडित परिवार खोज्दै जिल्ला-जिल्लामा

■प्रविर ददेल/रूकुम

रेखदेख संवाददाता

तत्कालिन विद्रोही नेकपा माओवादी र राज्यपक्षबाट वेपत्ता पारिएका व्यक्तिको छानविन गर्न बेपत्ता पारिएका व्यक्ति छानवि आयोग पीडित खोज्दै जिल्ला जिल्लामा पुग्ने गरेको छ।

बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगले कर्णाली तथा सुदूरपश्चिममा अनुसन्धान थालेको हो । दशवर्षे शसस्त्र द्वन्द्ध, जनआन्दोलन तथा विभिन्न कारणले बेपत्ता भएका व्यक्तिहरूको बारेमा अनुसन्धान गर्न आयोगको टीम जिल्ला जिल्ला पुग्ने गरेको हो। शान्ति प्रक्रिया टुंगिएको चौध वर्ष पुग्दा सम्म द्वन्द्व अवधिमा भएका घटनाका बारेमा सत्य निरूपण गर्ने र मेलमिलाप कायम गर्ने तथा बेपत्ता व्यक्तिहरूको खोजी गर्ने कार्यमा ढिलाई भएको जनगुनासो वढेको अवस्थामा वेपत्ता पारिएका व्यक्ति छानविन आयोगले जिल्ला जिल्लामा पुगेर वेपत्ता पारिएका व्यक्तिहरुका आफन्तहरुसँग भेटघाट गरेको बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगका सदस्य तथा प्रवक्ता डा. गंगाधर अधिकारीले जानकारी दिएका छन्।

उनले भने, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका हिमाली तथा पहाडी जिल्लामा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिनका लागि बेपत्ता भएका परिवारसँग भेटेर नै अनुसन्धान थालिएको छ । जसमा सुदूरपश्चिम प्रदेशका बझाङ, बाजुरा र दार्चुलाका पीडित परिवारलाई भेटिएको छ। भने कर्णाली प्रदेशका जुम्ला, कालिकोट, मुगु र रुकुम पश्चिम र लुम्वीनी प्रदेशको रुकुम पूर्वका पीडित परिवारसँग भेटघाट गरिएको प्रवक्ता अधिकारीले बताए। 'हामी पहिलोपटक बेपत्ता भएका परिवारका सदस्यहरूलाई भेटेर बेपत्ता अवस्था उनीहरूका बारेमा अनुसन्धान थालेका हौं।'

### रुकुम पश्चिमका ३५ जना बेपत्ताको सूचीमा

रुकुम पश्चिम जिल्लामा बेपत्ता पारिएका व्यक्ति छानविन आयोगमा परेका उजुरीका आधारमा विस्तृत अनुसन्धानमा रहेका वेपत्ता व्यक्तिहरुको सूची यस प्रकार रहेको छ।

| | |
|---|---|
| १. धर्मे बुढा | आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम) |
| २. प्रकाश दमाई | आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम) |
| ३. लालबहादुर सार्की | आठविसकोट नगरपालिका-१२, रुकुम (पश्चिम) |
| ४. भरत घर्तिमगर | आठविसकोट नगरपालिका-१२, रुकुम (पश्चिम) |
| ५. मनबहादुर पुनमगर | आठविसकोट नगरपालिका-१२, रुकुम (पश्चिम) |
| ६. कविराम जैसी | चौरजहारी नगरपालिका -१,रुकुम (पश्चिम) |
| ७. भगवतीदेवी उपाध्याय | चौरजहारी नगरपालिका -२,रुकुम (पश्चिम) |
| ८. शेरबहादुर डाँगी | चौरजहारी नगरपालिका -४,रुकुम (पश्चिम) |
| ९. मन्जित रोकाय | चौरजहारी नगरपालिका -६,रुकुम (पश्चिम) |
| १०.गोरखबहादुर बोहरा | चौरजहारी नगरपालिका -६,रुकुम (पश्चिम) |
| ११.कृष्मादेवी शर्मा | चौरजहारी नगरपालिका -९,रुकुम (पश्चिम) |
| १२.पूर्णप्रसाद शर्मा | चौरजहारी नगरपालिका -९,रुकुम (पश्चिम) |
| १३.ऐभान रोकाय | चौरजहारी नगरपालिका -१०,रुकुम (पश्चिम) |
| १४.डिला रोका | चौरजहारी नगरपालिका -१०,रुकुम (पश्चिम) |
| १५.यज्ञबहादुर हमाल | चौरजहारी नगरपालिका -११,रुकुम (पश्चिम) |
| १६.मिलन केसी | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) |
| १७.नरबहादुर बाहेरा | त्रिवेणी गाउँपालिका-२,रुकुम (पश्चिम) |
| १८.मेगराम खड्का | त्रिवेणी गाउँपालिका-३,रुकुम (पश्चिम) |
| १९.रणबहादुर गिरी | त्रिवेणी गाउँपालिका-४,रुकुम (पश्चिम) |
| २०.भिमबहादुर दमाई | त्रिवेणी गाउँपालिका-४,रुकुम (पश्चिम) |
| २१.अशोक पुन | त्रिवेणी गाउँपालिका-१०,रुकुम (पश्चिम) |
| २२.कृष्ण खत्री | बाँफीकोट गाउँपालिका-२,रुकुम (पश्चिम) |
| २३.चन्द्रकला बाँठामगर | बाँफीकोट गाउँपालिका-८,रुकुम (पश्चिम) |
| २४.भद्रबहादुर बाँठामगर | बाँफीकोट गाउँपालिका-८,रुकुम (पश्चिम) |
| २५.प्रविर बि.क. | बाँफीकोट गाउँपालिका-९,रुकुम (पश्चिम) |
| २६.भक्ते पुन | बाँफीकोट गाउँपालिका-१०,रुकुम (पश्चिम) |
| २७.नरविर बि.क. | मुसिकोट नगरपालिका-२,रुकुम (पश्चिम) |
| २८.यज्ञबहादुर हमाल | मुसिकोट नगरपालिका-६,रुकुम (पश्चिम) |
| २९.महाविर दमाई | मुसिकोट नगरपालिका-५,रुकुम (पश्चिम) |
| ३०.नविन बोहरा | मुसिकोट नगरपालिका-६,रुकुम (पश्चिम) |
| ३१.टोपबहादुर पाण्डे | मुसिकोट नगरपालिका-७,रुकुम (पश्चिम) |
| ३२.प्रेमबहादुर खड्का | मुसिकोट नगरपालिका-९,रुकुम (पश्चिम) |
| ३३.हिमलाल परियार | मुसिकोट नगरपालिका-९,रुकुम (पश्चिम) |
| ३४.जितबहादुर परियार | मुसिकोट नगरपालिका-१३,रुकुम (पश्चिम) |
| ३५.दुर्गाबहादुर नकाल | सानीभेरी गाउँपालिका -४,रुकुम (पश्चिम) |

स्रोत : बेपत्ता पारिएका व्यक्ति छानविन आयोग नेपाल

**कर्णालीका ३२२ व्यक्ति वेपत्ताको सूचीमा**

कर्णाली प्रदेशका १० जिल्लाका ३२२ व्यक्ति वेपत्ता पारिएको छ। बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कर्णाली प्रदेशका १० जिल्लाका ३२२ व्यक्ति बेपत्ताको सूचीमा रहेको वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्य तथा प्रवक्ता डा. गंगाधर अधिकारीले जानकारी दिएका छन्। उना अनुसार जम्मा ४०४ उजुरीमध्ये सत्य निरुपन तथा मेलमिलाप आयोगमा पठाएको ५४ उजुरी, दोहोरो काटिएका १० र तामेलीमा राखिएका १८ गरी जम्मा ८२ उजुरी लागत कट्टा गरिएसँगै अब वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कर्णाली प्रदेशका जम्मा ३२२ व्यक्ति वेपत्ताको सूचीमा रहेको आयोगका सदस्य तथा प्रवक्ता डा. अधिकारीले जानकारी दिएका छन्। उनका अनुसार सबैभन्दा वढी सल्यान जिल्लामा ५९ वटा ब्यक्ति वेपत्ता पारिएको जनाएको छ। त्यस्तै सुर्खेत जिल्लामा ५६ जना, कालिकोट जिल्लामा ४५ जना, जाजकोट जिल्लाका ३८ जना, रुकुम पश्चिम ३५ जना, दैलेख ३९ जना, मुगुमा २५ जना, जुम्लामा २० जना, डोल्पा जिल्लामा ६ जना र हुम्ला जिल्लामा ४ जना व्यक्ति बेपत्ताको सूचीमा रहेका छन्। आयोगमा परेको व्यक्ति बेपत्ता विवरणको थप अनुसन्धान गरी दोहोरो हटाउने, थप उजुरी भए आयोगको सर्म्पकमा ल्याउने र पीडित परिवारलाई परिचय पत्र वितरण गर्ने बेपत्ता पारिएका व्यक्ति छानविन आयोगले जनाएको छ। उता पीडित परिवारले भने शान्ति प्रक्रिया टुंगिएको १४ वर्ष वित्दा सम्म पनि आफूहरुले न्याय नपाएको गुनासो गरेका छन्। उनीहरुका अनुसार सरकारको ढिलासुस्तीका कारण बेपत्ता परिवारलाई थप पीडा दिएको जनाएका छन्।

# मुसीकोट बजारको सडक स्तरोन्नतिको काममा ढिलाई

■ रेखदेख संवाददाता

मुसीकोट

रुकुम पश्चिमको सदरमुकाम मुसीकोटको मुख्य बजार क्षेत्रको सडक कालोपत्रे निर्माण कार्यमा ढिलाई भएको छ। जिल्ला सदरमुकाम मुसीकोट नगरपालिका-१, स्थित जिल्लाको मुख्य बजारको मुख्य सडकको स्तरोन्नतिको काममा ढिलाई भएको हो ।

गत वर्षको साउन देखी कालिका मन्दिर बाट पुष्पलालचोक हुँदै बहाटाकुरासम्मको झन्डै एक किलोमिटर सडकको स्तरोन्नति थालेको थियो । चालू आर्थिक वर्षको असोज मसान्तसम्म निर्माण सम्पन्न हुने भनिएको सडक म्याद सकिएको झण्डै दुई महिना वित्दा सम्म सडक स्तरोन्नतीको काम ७५ प्रतिसत सकिएको र अझैपनि सडकमा ग्राबेलीङ र ढलाउन नभएको मुसीकोट नगरपालिका १ का वडाध्यक्ष बीरबल केसीले जानकारी दिएका छन् । उनले भने, 'निर्माण कम्पनीले निर्धारित समयमा योजना निर्माण कार्य सम्पन्न नगरेपछि वडा कार्यालयको पहलमा सरोकारवा निकायसँग छलफल गरी पुस मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता निर्माण कम्पनीले जनाएको छ ।'

सडक स्तरोन्नतिका लागि भ्याटसहित २ करोड ७३ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको सडक स्तरोन्नतिको कार्यको निर्माणको जिम्मा यति विल्डर्सरकोशी न्यौपाने जेभीले पाएको छ । सघन सहरी विकास कार्यक्रम अन्तर्गत संघीय कार्यान्वयन इकाई सुर्खेत मार्फत निर्माण कम्पनीले सडक स्तरोन्नतिको काम थालेको हो ।

सघन सहरी विकास कार्यक्रम अन्तर्गत खलंगा बजारको मुख्य सडकमा पार्किङ टायल बिछ्याएर, व्यवस्थित ढल निकासा गरी सडकको स्तरोन्नति गर्ने स्टमेटमा उल्लेख गरीएको छ ।

हालसम्म सडकको केन्द्र र दायाँबायाँ भाग छुट्याउने, सडकको दायाँ वायाँमा ढल खन्ने, सडक ग्राबिल गर्ने लगायतका काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि कमल बुढाले बताए ।

गत साउन महिनामा सघन सहरी विकास कार्यक्रम र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । सम्झौताबमोजिम गत असोज महिनामा स्तरोन्नतिको काम सक्नुपर्ने थियो ।

सम्झौतामा स्तरोन्नति गर्दा पाँच मिटर सडक बनाउनुपर्ने उल्लेख छ । सडक स्तरोन्नतिको काम ढिला गरी सुरु हुनु, कोरोना भाईरसका कारण काममा केही अवरोध हुनु, जस्ता कारणले सडक निर्माण कार्यमा केही ढिलाई भएको निर्माण कम्पनीका प्रतिनिधि कमल बुढाले जनाए । उनले भने, आगामी पुस मसान्तसम्म निर्माण सम्पन्न हुने गरी कामलाई तिव्रताका साथ अगाडि वढाइएको छ । मुख्य बजारको सडक स्तरोन्नति हुने भएपछि स्थानीय खुसी भएका छन् । रुकुम पश्चिमको सदर मुकाम मुसीकोट नगरपालिका क्षेत्रभित्रको सडकको स्तरन्नोती नहुँदा बर्षातको समयमा हिलाम्मे र हिउदमा धुलाम्मे हुने गरेको छ ।

रेखदेखको ग्राहक बन्न

रुकुम (पश्चिम) :
९८४७८७६७१३
९८०९५९२६९८

रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९

बहुउद्देश्यीय सेवा सर्पक प्रा.लि.
९८४४९१७४८५

जातीय भेदभाव कानूनी अपराध हो

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भेदेभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

कोरोना भाईरसको जोखीमबाट बच्न पटक-पटक साबुन पानीले मिचिमिची हात धुने गरौं ।

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# कहाँ पुग्यो समृद्धिको नारा

नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपालीको अभियान सञ्चालन गरेको छ । विशेषगरी संघीय  राज्य अर्न्तगत सञ्चालन भएका तीनै तहका सरकारको मुख्य योजना समृद्ध नेपाल सुखी नेपाली नै हो । यो नारा आफैमा निकै महोत्वकांक्षी छ । यदि यो नाराले सार्थकता पायो भने देशको मुहार फेरीने छ । भने जनताको जीवनस्तर पनि फेरिने छ ।

सरकारले ल्याएको सुखी नेपाली समृद्ध नेपालको अभियान सफल बनाउन केही महत्वपूर्ण नीनि तथा कार्यक्रम त पक्कै पनि ल्यान जरुरी छ । बिशेषगरी गास,बास, कपास, शिक्षा, स्वास्थ्य रोजगारी जस्ता आधारभुक्त आवश्यकतालाई परिपुर्ति गर्न सरकार पहिलो योजना ल्यानु पर्ने हो । तर तीनतहको सरकार बनेको झण्डै साढे दुई वर्ष वित्दा सम्म यस्ता कार्यक्रम अगाडि आउँन सकेका छैन् । अर्को कुरा नेपाल सरकारले ल्याएको  स्वरोजगार कार्यक्रम पनि त्यति प्रभावकारी भएको छैन् ।

देशको आर्थिक विकासमा टेवा पुग्ने, जल, जमिन, जडिवुटीमा पनि सरकारको त्यति ध्यान जान सकेको छैन् । विशेषगरी आर्थिक विकासका मेरुदण्डको रुपमा रहेको तीन खम्बे अर्थ नीतिले पनि विकास समृद्धिका योजना अगाडि वढाएको पाईदैन् । नीजि क्षेत्र, सरकार र सहकारी क्षेत्रले पनि प्रभावकारी नीति तथा कार्यक्रम ल्याउन सकेका छैन् । त्यसैले सुखी नेपाली समृद्ध नेपालको नारा सफल हुन नहुँनेमा शंका नै छ । तर सरकारले आर्थिक विकासलाई वढवा दिनुका साथै उद्योग, पर्यटन,जलविद्युत, जडिवुटी तथा खानीहरुको उत्खनन गरी काम गरेमा मात्र सुखी नेपाली समृद्ध नेपालको नाराले सार्थकता पाउने छ ।

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३, ९८०९५९२६९८ ईमेल rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

# सत्ताको झगडा अर्थात् प्रतिगमनलाई भर्‍याङ

'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लगाएर सत्तामा पुगेको नेकपाले जनसाधारणलाई निराशाबाहेक केही दिन सकेन । विसं २००७ साल यता छ महिना वर्ष दिनमा सरकार फेरिएकाले विकास हुनसकेन भन्ने बुझाइ व्यापक थियो । नेकपाले राजनीतिक स्थायित्वको नारा घन्कायो । राष्ट्रियताको रक्षा केपी ओलीबाहेक अरू कसैले गर्न सक्दैन भन्ने छाप जनतामा परेको थियो । जनताले नेकपालाई अपार बहुमत दिए पनि । त्यो जनमतभित्र राष्ट्रियताको रक्षा, तीव्र विकास निर्माण र समृद्धिको अपेक्षा अनि भ्रष्टाचार मुक्त शासनको सपना लुकेको थियो ।



जगत नेपाल

पूर्ण बहुमतको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सरकारले पार्टीको चुनावी घोषणा पत्रअनुसार कुनै पनि काम गर्नसक्ने संकेत छैन । 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लगाएर सत्तामा पुगेको नेकपाले जनसाधारणलाई निराशाबाहेक केही दिन सकेन । विसं २००७ साल यता छ महिना वर्ष दिनमा सरकार फेरिएकाले विकास हुनसकेन भन्ने बुझाइ व्यापक थियो । नेकपाले राजनीतिक स्थायित्वको नारा घन्कायो । राष्ट्रियताको रक्षा केपी ओलीबाहेक अरू कसैले गर्न सक्दैन भन्ने छाप जनतामा परेको थियो । जनताले नेकपालाई अपार बहुमत दिए पनि । त्यो जनमतभित्र राष्ट्रियताको रक्षा, तीव्र विकास निर्माण र समृद्धिको अपेक्षा अनि भ्रष्टाचार मुक्त शासनको सपना लुकेको थियो । चुनावको परिणाम सार्वजनिक भएर नयाँ सरकार गठन हुँदा नहुँदै तत्कालीन नेकपा (एमाले) अध्यक्ष केपी ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच आधाआधा कार्यकाल सत्ता चलाउने 'गोप्य सहमति' भएको 'सार्वजनिक' भयो । त्यो घटना नेकपालाई अपार बहुमत दिने जनताका लागि पहिलो गाँसमा ढुंगा सरह बन्न पुग्यो । सरकारले साढे दुई वर्ष पूरा गरेपछि नेकपाका अर्का अध्यक्ष दाहालले सहमति कार्यान्वयनका लागि पार्टीमा दबाब बढाए । ओलीले कार्यकारी अध्यक्ष दिने सर्तमा सरकारको आयु लम्याए । सरकार चुनावताका जनतासँग गरेका वाचा पूरा गर्नुको साटो सत्ता जोगाउन पार्टीभित्रको विवाद समाधानमै केन्द्रित भयो ।

लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई सत्ता जोगाउने वा पाउने स्वार्थका लागि तिलाञ्जलि दिइयो । यस्तै अलमलमा यति बेलासम्म आइपुग्दा नेकपा र यसको सरकारको भविष्य अनिश्चित देखिन पुगेको छ ।

केन्द्रदेखि गाउँ तहसम्म पार्टी विभाजनको रेखा कोरिएको छ । नेकपाको किचलो र सरकारको अकर्मण्यताले जनतामा चरम निराशा बढाएकोमात्र होइन, गणतन्त्र र संघीय व्यवस्थामाथि नै प्रश्न उठन थालेका छन् । जनमतको कदर गर्दै अघि बढेको भए नेकपा सरकारको प्राथमिकता यति बेला के हुनुपर्ने थियो त ? एकपटक नेकपाले चुनावी घोषणापत्रमार्फत बाँडेका सपनातर्फ जाऊँ । चुनाव नेपालको संविधान सभाले आफ्नो सुझावविपरीत संविधान जारी गरका भन्दै भारतले नाकाबन्दी लगाएर दुःख दिएको पृष्ठभूमिमा भएको थियो । र, नेकपा (एमाले)का अध्यक्ष वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक मञ्चमा भारतको चर्को विरोध गर्दै एक नम्बरको 'राष्ट्रवादी' नेताको छवि बनाएका थिए । राजनीतिक अधिकारका लागि संघर्ष गर्ने युगको अन्त्य भएको भन्दै ओलीले समृद्धि र विकासको सवाललाई सशक्तरुपमा अघि सारे । देशको क्षमता हेर्दा असम्भव लाग्ने अति महत्त्वाकांक्षी योजना आफू सत्तामा पुगेपछि पूरा गर्ने आश्वासन बाँडे । आन्तरिक प्रशिक्षणमा नेकपाको सरकार बन्नासाथ चीनले सबै काम गरिदिन्छ भन्ने तहमा कार्यकर्तालाई प्रशिक्षित गरियो ।

नेकपाको घोषणापत्रका केही योजना हेरौं :

घोषणा पत्रका अंश

१. पाँच वर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पंक्ति पुर्‍याउने र १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरिकी डलर पुर्‍याउने ।

२. विसं २०९९ सालसम्म जनतालाई गरिबीबाट मुक्त गर्ने ।

३.दस वर्षभित्र २० हजार मेगावाट विद्युत उत्पादन गर्ने ।

४. पाँच वर्षमा पूर्व-पश्चिम राजमार्गको समानान्तर तीव्र गतिका विद्युतीय रेल सञ्चालन गर्ने । यसै अवधिमा रसुवागढी-काठमाडौं-पोखरा – लुम्बिनी विद्युतीय रेलमार्ग निर्माण गर्ने । पाँच वर्षमा राजधानी उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिको रेल सञ्चालन गर्ने । काठमाडौं र वीरगञ्जलाई जोड्ने रेलमार्ग निर्माणको काम अघि बढाउने । काठमाडौंलगायत अन्य मुख्य सहरहरूमा सम्भाव्यता हेरी मेट्रो र मोनोरेल, ट्राम र अत्याधुनिक सार्वजनिक यातायात सञ्चालन गर्ने ।

५. पाँच वर्षमा सबै उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र र सडकमा चौबीसै घन्टा पर्याप्त विद्युत् उपलब्ध गराउने ।

६. दस वर्षमा जल, जैविक, सौर्य, वायु, फोहर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने ।

७. दस वर्षमा सम्पन्न हुनेगरी कर्णाली चिसापानी, बूढीगण्डकी, पश्चिम सेती, नलसिंह गाड, उत्तर गंगा, नौमुरे, माथिल्लो झिम्रुरुक, सुनकोसी-१, सुनकोसी-२, तमोर, तामाकोसी-३ लगायत परियोजनाहरूको कार्यान्वयन तीव्र गतिमा अगाडि बढाउने ।

८. काठमाडौं-तराई द्रुतमार्ग चार वर्षभित्र निर्माण गर्ने । पूर्व-पश्चिम राजमार्गलाई पाँच वर्षभित्र ६ लेनमा स्तरोन्नति गर्ने ।

९. दस वर्षभित्र १० लाख व्यक्तिका लागि रोजगारी सिर्जना गर्ने ।

१०. पाँच वर्षभित्र सम्पूर्ण नागरिकहरूलाई शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खेलकुद, मनोरञ्जन, पर्याप्त स्वच्छ पिउने पानीको सुनिश्चितता हुने गरी आवश्यक पूर्वाधार बनाउने ।

यी त घोषणा पत्रमा समावेश गरिएका केही नमुना कार्यक्रम मात्र हुन् । यसरी प्रचार भयो मानौ नेकपाको सरकार बन्नासाथ जादूको छडी प्रयोग गरेर उसले नेपाललाई विश्वका विकसित मुलुकको दाँजोमा पुर्‍याउने छ र गरिब दुःखीका दिन आउनेछन् ।

**घोषणा पत्रका केही नारा**

१. इतिहास साक्षी छ, भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने काम कम्युनिस्ट तथा वामपन्थीहरूको नेतृत्वमा मात्र सम्भव छ ।

२. गाउँदेखि केन्द्रसम्म वामपन्थी सरकार, सबल र समृद्ध राष्ट्र निर्माणको आधार

३. स्वाधीनता, समृद्धि र समाजवादको आधार, सबै तहमा वामपन्थीहरूको जनपक्षीय सरकार

ओलीले चुनावी सभामा घरघरमा ग्यासको पाइप जोडिदिने, रेल र पानी जहाज चलाउने आशा बाँडे । भारतीय नाकाबन्दीपछि ओलीले बनाएको राष्ट्रवादी छवि, अनि समृद्धि र विकासका पक्षमा कम्युनिस्ट गठबन्धनले दिएको नारालाई जनताले अनुमोदन गरे । गाउँदेखि केन्द्रसम्म नेकपाको प्रचण्ड बहुमतको सरकार बन्यो । सत्तारुढ भएकै दिनदेखि ओली पार्टीभित्र र बाहिरका विरोधीलाई तह लगाएर आफू सर्व शक्तिमान बन्ने रणनीतिमा केन्द्रित हुन थाले । आफ्नै पार्टीभित्रका विरोधीको मनोबल गिराउन लागी परे । संसदीय व्यवस्थामा प्रधानमन्त्री बनेका ओलीले आफू दिग्विजयी भएको ठानेर विपक्षीको अस्तित्व स्वीकार गरेनन् । संविधान र कानुन उपहास गर्न थाले । आफ्नो विरोध गर्नेहरुविरुद्ध अरिङगाल भएर जाई लाग्न कार्यकर्तालाई निर्देशन दिए ।

**प्रतिगमनलाई बल**

१. कोरोना महामारीका बेला अविभावकीय भूमिका पूरा गनबाट सरकार च्युत भयो । बरु औषधि र मेडिकल उपकरण खरिदमा भएको भ्रष्टाचारलाई प्रश्रय दिएको आरोप ओलीमाथि लाग्यो । भ्रष्टाचारको त्यत्रो घटना हुदा समेत सरकारले निष्पक्ष छानबिन गर्नेतर्फ ध्यान दिएन । वरु प्रधानमन्त्री ओली आफैं अरोपितलाई सफाइ दिनेगरी बोल्न थाले ।

२. पार्टीको आन्तरिक विवादमा सिंगो मुलुकलाई अल्झाएर जनतालाई निराश बनाउने काम प्रधानमन्त्रीबाट भयो । त्यति मात्र होइन, पार्टी फुटाउन रातारात राष्ट्रपतिलाई समेत प्रयोग गरेर अध्यादेश जारी गरियो र सांसदको अपहरण भयो ।

३. सभामुख र उपसभामुख फरक फरक दलबाट हुनुपर्ने संवैधानिक व्यवस्था भए पनि त्यसको पालना भएन ।

४. चुनाव हारेका वामदेव गौतमलाई प्रधानमन्त्री बनाउने गरी संविधान संशोधन गर्ने बहसमा लामो समय देशलाई अल्झाउने काम भयो । संविधान र लोकतान्त्रिक मूल्य मान्यताविपरीत चुनाव हारेका गौतमलाई राष्ट्रिय सभामा मनोनयन गरियो ।

५. लिपुलेक, लिम्पियाधुरा, कालापानीको नेपाली भूभाग समेटिएको नेपालको नक्सा प्रधानमन्त्रीको हस्तक्षेपमा पाठ्य पुस्तकमा प्रकाशन गर्न रोक लगाइयो ।

६. अख्यितार दुरुपयोग अनुसन्धान आयोगलगायतका संवैधानिक निकायमा आफ्ना मानिस नियुक्त गरी विरोधीलाई तह लगाउने अस्त्रका रुपमा प्रयोग गर्न खोजियो ।

७. सेक्युरिटी प्रेस, ओम्नी, यती, वाइडबडी खरिदलगायतका भ्रष्टाचार प्रकरणमा छानबिन गर्न प्रधानमन्त्री तहबाट पहल भएन । बरु ती घटनामा संलग्न आफू निकटलाई प्रधानमन्त्री आफैंले संरक्षण गरेको भन्ने ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनमा समेत उल्लेख हुने अवस्था उत्पन्न भयो ।

८. संघीयता कमजोर बनाउन प्रधानमन्त्री ओली आफैंले भूमिका खेलको आरोप लाग्यो ।

९. आफ्नो गुटको हितका लागि राष्ट्रपतिलाई दुरुपयोग गरेको देखियो ।

१०. प्रधानमन्त्रीको व्यवहारले प्रतिगगमनलाई बल पुगेको छ ।

प्रधानमन्त्री ओलीका यी र यस्ता व्यवहारले जनतामात्र होइन, नेकपा समर्थकहरुलाई समेत आजित बनाएको छ । आफूलाई कम्युनिस्ट भएकोमा गर्व गर्नेहरुसमेत निराश छन् । गत वर्ष सहिद गंगालाल र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालका कान्छा भाइ विजयलाल श्रेष्ठसँग लामो कुराकानीका क्रममा मैले सोधेको थिएँ – तपाईंका एक जना दाजु गंगालाल श्रेष्ठ नागरिक अधिकार र स्वतन्त्रताको पक्षमा लागेका कारण राणाकालमा (विसं १९९७) सहिद हुनुभयो । अर्का दाजु पुष्पलालले कम्युनिस्ट पार्टीको स्थापना गर्नुभयो । इतिहासमै पहिलोपटक देशमा कम्युनिस्टहरुको करिब दुई तिहाइ बहुमतको सरकार बनेको छ । तपाइँलाई कस्तो लागेको छ ?

जवाफमा श्रेष्ठले भनेका थिए – के भन्ने भाइ ? आज कांग्रेस कम्युनिस्टमा के फरक छ र ? दुवैमा गुन्डाको प्रभुत्व छ । आजका कम्युनिस्ट नेताहरुले अँगालेको नीति पुष्पलालको सिद्धान्तसँग मेल खाँदैन । म यसलाई समर्थन गर्न सक्दिन । 'कम्युनिज्म' फेल भैसक्यो । नारा जनताको, काम लुटेराकोजस्तो छ । पद र पैसाबाहेक केही नखोज्ने । यी लुटेरा हुन् यीनलाई म नेता मान्न सक्दिन । राजनीतिमा नैतिकता, इमान्दारी हराएर गयो । खराब चालकको हातमा गाडीको स्टेरिङ दियो भने दुर्घटना भएजस्तै अहिलेको राजनीति दुर्घटना उन्मुख छ । कति बेला दुर्घटना हुने हो भनेर कुरेर बवस्नुबाहेक अर्को विकल्प मसँग छैन ।

महाराजगन्ज स्थित निवासमा २०७६ जेठमा विजयलालसँग भएको कुराकानीको भिडियो आज हेर्दा लाग्छ एक वर्षपछिको दृश्य उनले त्यति बेलै देखिसकेका रहेछन् । विजयलालले त्यति बेला जे भनेका थिए नेकपा अहिले त्यहीँ पुगेको  छ । सरकार, नेकपा र उसका नेताहरुको व्यवहारले सबैभन्दा बढी पीडा 'सर्वहाराको हितका लागि कम्युनिस्ट' बन्नेहरुलाई दिएको हुनुपर्छ । कुनै समय आफू कम्युनिस्ट भएकोमा गर्व गर्ने मेरा मित्र राजु तिमिल्सेनाले हालैमात्र फेसबुकमा पोस्ट गरे – आजकै मितिदेखि नेकपासँगको सबै सम्बन्ध आफैंले खारेज गरेको छु । राजुजस्ता कार्यकर्ता निराश हुँदा कम्युनिस्टहरुको बदनाम त भएको छ नै यस घटनाले देशमा भएको राजनीतिक परिवर्तनको उपहास पनि भएको छ । साथै, मुलुकलाई प्रतिगमनको बाटामा लैजान चाहनेहरुलाई समेत मलजल गरिरहेको छ । यही प्रसङ्गमा २०६२ -०६३ ताकाको एउटा घटना सम्झना भयो । जनआन्दोलन सफल भएलगत्तै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसाद सिटौलालाई गृहमन्त्री बनाएका थिए । त्यो बेला सिटौलालाई त्यो जिम्मेवारी दिएको धेरै वरिष्ठ कांग्रेसी नेतालाई समेत चित्त बुझेको थिएन । कोइरालाले आफूसँग भनेको कुरा सिटौलाले लेखकलाई सुनाएका थिए – गृहमन्त्री बनाएपछि गिरिजाबाबुले मलाई भन्नु भएको थियो 'हेर्नुस् सिटौलाजी मैले तपाईंलाई शक्तिशाली मन्त्री बनाएको छु । तर, विचार गर्नु होला तपाइँले जति कम शक्ति प्रयोग गर्नु हुन्छ  त्यति नै सफल हुनुहुनेछ । ओलीले यो सिद्धान्तलाई स्वीकार गरेर अघि बढेको भए अहिलेको अवस्था आउने थिएन कि ? सर्वशक्तिवान हुने उनको चरम महत्त्वाकांक्षाले तानाशाहीलाई मलजल गर्नेबाहेक जनतासँग गरेका अधिकांश वाचा आश्वासनमै सीमित रहने निश्चित भएको छ ।

*बाह्रखरी डटकमबाट*

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७७ मंसिर २२ सोमबार । 7 December 2020 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार

www.rekhadekh.com



फलफूलका विरुवा

रुकुम पूर्वको भुमे गाउँपालिकाकका किसान बारीमा लगाएको फलफूलका विरुवा गोडमेल गर्दै । तस्वीर : रेखदेख

# विक्री नै हुँदैनन् बोईलर कुखुरा

**रेखदेख संवाददाता**
**मुसीकोट**



किसानले पालेको बोईलर कुखरा विक्री नहुँदा किसान मारमा परेका छन् । रुकुम पश्चिमका किसानहरुले पालेको बोईलर कुखरा विक्री नहुँदा किसानहरु समस्यामा परेका हुन् ।

कोभिड-१९ कोरोना भाईरसको कारण रोजगार गुमाएका युवाहरुले घर गाउँ गाउँमै बोईलर पालन गरेको र बजार अभावका कारण विक्री वितरण हुन सकेका छैनन् । कोरोना भाईरसका रुकुम पश्चिमका होटेल तथा पसल पूर्ण रुपमा नखुलेको कारण मासुको खपत पनि साविको भन्दा आधा घटेको छ । माग भन्दा वढी उत्पादन भएपछि सस्तोमै बोईलर विक्री गर्नुपर्ने बाध्यता रहेको मुसीकोट नगरपालिका-१ का किसान निर्मला ओलीले जानकारी दिएकी छिन् । 'यसअघि जिउदो बोईलर को मुल्य प्रति किलोग्राम ३ सय रुपैयाँ रहेकोमा अहिले मुल्य घटेर २ सय ५० रुपैयाँमा हुँदा समेत विक्री नभएको ओलीले जनाईन् ।' एकातिर कोरोनाको कहरका कारण अन्य रोजगार गुमेका छन्, अर्कातिर किसानहरुले पालेको बोईलर कुखरा विक्रि नहुँदा थप समस्या भएको मुसीकोट १३ का कुखुरा पालन किसान अमर विकले जानकारी दिएका छन् । उनले भने, 'कुखुरा विक्री नहुँदा आफ्नो परिश्रमसँगै दाना पानीको मुल्य समेत डुवेको छ ।' कोरोना भाईसरका कारण ज्याला मजदुरी गुमेपछि उनीले आफ्नै घरमा झण्डै साढे तीन सय बोईलर जातका कुखुरा पालेका थिए । उनको झण्डै साढे ४ लाख रुपैयाँ घाटा लागेको जनाए । उनका अनुसार बजारमा प्रति चल्ला एक सय रुपैयाँमा किन्नु पर्दछ, दुई महिना पालेर प्रति किलो १ सय ७० मा समेत विक्री नहुँदा समस्या भएको किसानहरुले जनाएका छन् ।

**मासुको मुल्य समेत घट्यो**

रुकुम पश्चिमको सदरमुकाम खंलगामा बोईलर कुखुराको मासुको मुल्य समेत घटेको छ । यसअघि बजारमा प्रति किलो ३ सय ५० रुपैयाँ रहेको बोईलर कुखुराको मासुको मुल्य घटेर २ सय ५० देखी ३ सय रुपैयाँ सम्ममा कारोबार भएको व्यापारीहरुले जनाएका छन् ।

# नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिस्ने गाउँपालिकाको कार्यालय रुकुम (पूर्व)
लुम्वीनी प्रदेश नेपाल

बधाई तथा शुभकामना

रुकुमको लोकप्रिय पत्रिका रेखदेख राष्ट्रिय साप्ताहिक सातौं बर्षमा प्रवेश गरेको सुखद अबसरमा हार्दिक बधाईका साथै यस प्रकाशनको प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

केवल केसी
न्यु केवी भाडा पसल मुसीकोट
नगरपालिका ४ सोलावाङ
रुकुम पश्चिम

डम्बरबहादुर पाण्डे
पाण्डे काष्ठ फर्निचर उद्योग
मुसीकोट नगरपालिका ४
सोलावाङ रुकुम पश्चिम

# रेखदेख साप्ताहिक राशिफल

२२- २८ मंसिर २०७७
7-13December 2020

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**

**मेष** : नयाँ कार्यलाई समयमा सम्पादन गर्न अप्ठेरो हुनेछ । समयलाई व्यवस्थापन मिलाउदा सफलता रहला । नविन कार्यलाई लाई अगाडि बढाउनु भन्दा पहिले सोच विचार गररे अगाडि बढनु होला । शैक्षिक शैक्षमा भने जस्तो समय दिन मिलाउन सकिन्न । व्यापार व्यवसायमा मध्ययम रहने देखिन्छ ।

**वृष** : पार्टनर तथा साझेदारीमा समस्या आउनेछ । अनाबश्यक नबोल्नु र म्रो होला । आफनो आन्तरिक गतिबिधि गोप्य राखेर अगाडि बढनु होला । समय प्रतिकलता रहनेछ । कार्यमा अगाडि बढन आत्मा बिश्वास नहुदा समस्या आउने छ । आफनो भन्दा अन्य व्यक्तिको लागि बढि समय दिनु पर्ने देखिन्छ ।

**मिथुन** :पार्टनर तथा साझेदारीमा समस्या आउनेछ । अनाबश्यक नबोल्नु र म्रो होला । आफनो आन्तरिक गतिबिधि गोप्य राखेर अगाडि बढनु होला । समय प्रतिकलता रहनेछ । कार्यमा अगाडि बढन आत्मा बिश्वास नहुदा समस्या आउने छ । आफनो भन्दा अन्य व्यक्तिको लागि बढि समय दिनु पर्ने देखिन्छ ।

**कर्कट** : बादविवादमा नफस्नु होला । कार्यमा ढिलाई गर्दा आफन्तले टिप्पनी गर्नेछन । तपाईका लागि बिभिन्न फाईदाका बाटाहरु आउनेछन अवसर लिनु होला । तपाईको प्रयास बाट थुपै कामहरु बन्नेछन । अरुको समस्या लाई बुझने प्रयास गर्नुहोला । आफन्त तथा सहयोगीको बिचार मध्यनजर गर्नुहोला ।

**सिंह** : परिश्रमको मुल्य ल्याउन समय लाग्नेछ । मौकाको फाईदा लिने प्रयास गर्नुहोला । स्वास्थ्यमा बिशेष ख्याल गरेर अगाडि बढनु होला । तपाईको काममा कुरा काटनेहरु पनि हुनेछ । रमाईलो वातावरणमा सहभागि रहने समय छ । बिभिन्न व्यक्तिहरु सग भेटघाटमय समय छ । आशा दिनेहरु बाट समस्या रहनेछ ।

**कन्या** : समय लाई व्यवस्थापन गर्न नसक्दा कामका ढिलाई हुनेछ । सहयोगहरु बाट धोका रहनेछ । आरोप लगाउनेहरु प्रशस्त्र हुनेछन । घराँयासि सामाग्री जोडने समय रहेको देखिन्छ ।अवसरका लागि दौडधुप हुनेछ । आफन्तमा केहि असमझदारी बढनेछ । खर्चमा बृद्धि रहनेछ । आर्थिक समस्या आउनेछ ।

**तुला** :व्यापार व्यवसाय गरेका लाई सफलता मिल्नेछ । साझेदारीमा सफलता रहनेछ । घरपरिवारको आवश्यक सामाग्री जोडने समय छ । प्रयास बाट धेरै काहरु बन्नेछन । बिगतमा रोकिएमा काहरु सफल हुनेछ । नयाँ जिम्मेवारी लिनु पर्ने देखिन्छ । आयआर्जनमा ठिकै रहला । मनमा उत्साह मिल्नेछ ।

**वृश्चिक** : सामाजिक कार्य बाट सफलता रहनेछ । प्रतिष्ठामय समय देखिन्छ । अग्रज व्यक्तिहरुको साथ र सहयोग रहनेछ । व्यापारमा ठिकै रहला । पैत्तिक सम्पत्तिको प्रयोग बाट सफलता रहला । तपाईको कार्यलाई धरैले तारिफ गर्नेछन । मेहनत बाट सफलता अबश्य रहनेछ । साथीभाई सग भेटघाट रहनेछ ।

**धनु** : व्यापार व्यवसायमा खर्चमा बृद्धि रहनेछ । अरुको कार्यमा बढि समय बित्नेछ । ढिलासुस्तीले कार्यमा समस्या आउनेछ । मेहनत बाट सेवामुलक काम गरेमा सफलता छ । समयले तपाई केहि अप्ठेरोमा पार्न सक्नेछ । स्वास्थ्यमा केहि बाधा रहनेछ । जिम्मेवारी बढने समय छ । सहयोग गर्छु भन्नेहरु बाट धोका रहनेछ ।

**मकर** : आफन्तले सहयोगको भावना दखाउनेछन । घराँयासि कार्यमा बढि समय दिनु पर्नेछ । नसोचेको कार्यमा सफलता आउला । समस्याहरु लाई हलगदै अगाडि बढनु होला । समय चुनौतिमय देखिन्छ । बिगतमा रोकिएका कामहरु प्रयास गरेमा सफल हुने देखिन्छ । आन्तरिक कुरा हरु थाहा पाउन सकिन्छ ।

**कुम्भ** : घर परिवारमा नयाँ भावना पलाउनेछ । प्रेम तथा मित्रताको साईनो गाँस्ने समय छ । आयआर्जनमा सफलता रहनेछ । कार्यमा व्यस्थता बढनेछ । मान सम्मान मिल्नेछ । केहि उपहार मिल्नेछ । बिभिन्न साथ र सहयोग मिल्नेछ । यात्राको अवसर जुटनेछ । सुखदुखमा साथ दिनेहरु प्रशस्त्र भेटिनेछन ।

**मीन** : प्रयास बाट बिगतमा रोकिएका कामहरु बन्नेछन । प्रतिस्पर्धामा सफलता रहनेछ । परिश्रमले तपाईलाई धेरै ज्ञान दिनेछ । केहि उत्साह मिल्नेछ । आलस्यता गर्नाले कार्यमा ढिलाई हुनेछ । मेहनत बाट कार्यमा सफलता रहनेछ । स्रोत साधन जुटनाले कार्यमा सहजता आउनेछ । आफनो अधिकार प्रतिष्ठा जोगाउने समय छ ।

नेपाल सरकार
भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय रुकुम (पश्चिम)

## हकदारका नाममा जारी गरिएको ३५ दिने सार्वजनिक सुचना


साबिक रुकुम जिल्ला खारा गा.बि.स.वडा नं.९ बस्ने गोबिन्द क्षेत्रीले म नाबालक भएको अवस्थामा मेरो नाममा नापनक्सा भएको साबिक खारा गा.बि.स.वडा नं.९ मा रहेका जग्गाहरुको जग्गा धनी प्रमाण श्रेता पुर्जामा जग्गा धनिको नाम थर प्रबिर खत्री भएको बाबुको नाम तिलु भएको नाबालक अबस्थामा जग्गा नापजाँच भई जग्गा धनि प्रमाण पुर्जा श्रेता कायम भएकोले ना.प्र.नं.उल्लेख नभएको मैले नेपाली नागरिकताको प्रमाण पत्र बनाउदा जग्गा धनि प्रमाण पुर्जालाई आधार नलिई नाम गोबिन्द क्षेत्री कायम गरी नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेकोले नेपाली नागरिकताको प्रमाण पत्र बमोजिम जग्गा धनि पुर्जा श्रेतामा जग्गा धनिको नाम गोबिन्द क्षेत्री र ना.प्र.नं.५६-०१-७१-००२३२ कायम गरी पाँउ भनि मिति २०७७।०८।२२ गते यस कार्यालयमा निवेदन दिनु भएको । निवेदक गोबिन्द क्षेत्रीको स्थायी ठेगाना साबिक खारा गा.बि.स.वडा नं.०९ कुनबाङ हो कि होईन ? निवेदकका बाबु तिलक बहादुर खत्री र बाजे हर्के खत्री हुन कि होईन्न्?परबिर खत्री र गोबिन्द क्षेत्री भन्ने व्यक्ति फरक फरक व्यक्ति हुन कि एउटै व्यक्ति हुन कि हाईन्न्? निजको बाबुको नाम ज.ध.प्रमाण पुर्जामा तिलु र नेपाली नागरिकता तिलक बहादुर खत्री भई फरक पर्न गएकोले यी दुवै व्यक्तिहरु फरक फरक हुन कि एउटै हुन ? माथि उल्लेखित नाम गरेका परबिर खत्री को नाम शंसोधन गरी गोबिन्द खत्री कायम गरी दिदा साथै ना.प्रं. नं.५६-०१-७१-००२३२ र बाबु तिलक बहादुर खत्री कायम गरिदिदा कुनै फरक पर्छ कि पर्दैन ? यदी निवेदकको ना थर, ना.प्र.नं.र बाबुको नाम संसोधन गर्नु नपर्ने कुनै कारण भए सुचना प्रकासन भएको मितिले ३५ दिन भित्र स-प्रमाण हकदावी गर्न आउन हुन सम्बन्धित सवैको जानकारीको लागी यो सुचना प्रकासन गरिएको छ । समय भित्र दावी विरोध पर्न नआएमा कानुन बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

गोर्ख बहदुर खड्का कार्यालय प्रमुख
जिल्ला मालपोत कार्यालय रुकुम पश्चिम

नयाँ वर्षको नयाँ योजना
गोर्ख बहादुर खड्का (कार्यालय प्रमुख)
रेखदेख साप्ताहिक
वार्षिक ग्राहक वनौं
रू. १००००००/-
को जीवन वीमा सुरक्षित गरौं


रेखदेख
राष्ट्रिय साप्ताहिक
www.rekhadekh.com | info@rekhadekh.com | 9851236713, 9847876713

# लघुकथा : योग दिवस




योग दिवस मनाउने कार्यक्रम थियो । सहभागीहरू बजार परिक्रमा गरी कार्यक्रम स्थलमा उपस्थित भइसकेका थिए । कार्यक्रममा सहभागीहरूको बाक्लो उपस्थिति रहेको हुँदा आयोजकहरू खुसी देखिन्थे । कार्यक्रमस्थल भव्य रूपमा सिँगारिएको थियो । फूल, माला र पतकाहरूले सजिएको मञ्चमा योगगुरुका तस्बिरहरू टाँगिएका थिए ।

सहभागीहरू कार्यक्रमस्थलमा भेला भएको धेरैबेरपछि प्रमुख अतिथिको आगमन भयो । प्रमुख अतिथि आएको देखेपछि आयोजकहरू सतर्क भए । चारैतिर सुनिने गरी माइकमा नारी आवाज गुञ्जियो, 'कार्यक्रमका प्रमुख अतिथिज्यूलाई करतल ध्वनिका साथ स्वागत गरिदिनुहुन सहभागी महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछु ।'

सहभागीहरूले जोडले ताली बजाए । प्रमुख अतिथि दलबलसहित मञ्चमा उक्लिए ।

प्रमुख अतिथि मोटाघाटा र खाइलाग्दा थिए । उनको पेट अस्वभाविक रूपमा बढेको र ह्वात्त बाहिर आएको थियो ।

प्रमुख अतिथि सोफामा बसेपछि कार्यक्रम सुरु भयो ।

आसनग्रहण, ब्याच वितरण, माल्यार्पण, स्वागत भाषण र उद्घघाटनमा लामो समय बित्यो ।

भर्खर औपचारिक कार्यक्रम सुरु हुन लागेको थियो, प्रमुख अतिथिले टाउको बटार्न थाले । अध्यक्षका कान नजिकै मुख रगडे । अध्यक्षले कार्यक्रम सञ्चालकलाई नजिक बोलाएर उसैगरी कानमा फुसफुसाए । केही बेरपछि माइकमा आवाज आयो, 'कार्यव्यस्तताले गर्दा प्रमुख अतिथिज्यू पूरा समय बस्न पाउनुभएन । अब म मन्तव्यका लागि प्रमुख अतिथिज्यूलाई आमन्त्रण गर्दछु ।'

कार्यव्यस्तताका कारण छिटै मञ्चमा पुगेका प्रमुख अतिथि करिब एक घण्टा बोले ।

स्रोतालाई राजनीति, विकास, गुनासा, आक्रोष आदि धेरै कुराको स्वाद चखाए ।

लगभग सबै विषय सकेपछि योगतिर लागे ।

योगको महत्त्वबारे चर्चा गर्दै उनले भने, 'योग हामी सबैका लागि आवश्यक छ । हामी सबैले अनिवार्य रूपमा योग गर्नुपर्छ । नियमित योग गर्नाले शरीर स्वस्थ रहन्छ । निरोगी भइन्छ । त्यसैले तपाईंहरू सबैलाई नियमित रूपमा योग गर्न अनुरोध गर्दछु ।'

मञ्चबाट झर्दै गर्दा एक जना पत्रकारले सोध्यो, 'प्रमुख अतिथिज्यू हजुरले नियमित रूपमा योग गर्नुहुन्छ ?'

पत्रकारको प्रश्न सुनेर उनी झस्के । वरिपरी हेरे र अरुले नसुन्ने गरी बिस्तारै भने, 'अहिलेसम्म त गरेको छैन । अब गर्ने विचार गर्दै छु ।'

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

त्रिवेणी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

# २४ घण्टामै कोरोना निको हुने औषधि पत्ता लगाएको वैज्ञानिकहरूको दावी

कोरोना संक्रमण तिब्र गतिमा फैलिरहेका बेला २४ घण्टामै कोरोना संक्रमण निको हुने एन्टी भाइरल औषधी पत्ता लगाएको दावी वैज्ञानिकहरूले गरेका छन् ।

इन्फ्लुएञ्जा विरूद्ध शक्तिशाली मानिएको 'मोलुनपीरभीर' नामक औषधिको प्रयोगले कोरोना भाइरसको संक्रमण पूर्णतया निको पार्न सकिने दावी वैज्ञानिकहको छ ।

एमके–४४८२रईआईडिडि–२८०१ भनिने 'मोलनुपीरभीर' औषधी जर्जिया स्टेट विश्वविद्यालयका अनुसन्धानकर्ताहरूको एउटा टिमले तयार पारेको हो ।


जर्नल अफ नेचर माइक्रोबायोलोजीमा प्रकाशित अध्ययनले जनाए अनुसार जर्जिया स्टेट विश्वविद्यालयका अनुसन्धानकर्ताहरूको समूहले सुरुमा यो औषधि इन्फ्लुएञ्जा विरूद्ध तयार पारेका थिए । 'कोरोनाको संक्रमणलाई तिब्र रुपमा फैलनबाट रोक्नका लागि मुखबाट दिइने यो औषधिको सार्वजनिक गर्न लागिएको यो पहिलो पटक हो,' अनुसन्धाता रिर्चड पेल्पर भन्छन्, 'कोरोना भाइरसको उपचारमा यो औषधि गेम चेञ्जर साबित हुनसक्छ ।'

यो औषधि मुखबाटै लिन सकिन्छ, यसको प्रभावकारी नतिजाको लागि पनि यसलाई यथाशिघ्र सुरु गर्नुपर्छ ।

अध्ययनका लागि अनुन्धानकर्ताहरूले सार्स कोभिड–२ विरुद्ध एमके–४४८२/ईआईडिडि–२८०१ लाई पुन तयार पारेका थिए । संक्रमण फैलाउने भाइरसमा औषधिको प्रभावकारिताबारे परीक्षण गर्न फेरेट मोडलको उपयोग गरेका थिए ।

अनुसन्धानकर्ताहरूका अनुसार फेरेट्स मोडल स्वभाविक ट्रासमिसन मोडल हो, किनकी यसले भाइरसलाई बिरलै फैलाउँछ र गम्भीर संक्रमण हुन दिँदैन । अनुन्धानका लागि अनुसन्धानकर्ताहरूले केही जनावरलाई कोरोनाबाट संक्रमित गरेका थिए । जब संक्रमित जनावरहरूले नाकबाट भाइरस छोड्न थाले, तब अनुसन्धानकर्ताहरूले मालनुपीरभीर औषधी दिए । र, संक्रमित जनावरलाई स्वस्थ जनावरका साथ एउटै पिंजडामा राखे । 'जब संक्रमित जनावरलाई स्वस्थ जनावरको साथमा एउटै पिंजडामा र खियो तब उनीहरूमा कुनै किसिमको संक्रमण फैलिएन,' अनुसन्धाता सहलेखक जोसेफ उल्फले भने । यही विधिबाट मान्छेको उपचार गरेको खण्डमा उनीहरूलाई उपचार सुरु गरि एको २४ घण्टाभित्रै संक्रमण मुक्त गर्न सकिने अनुसन्धानकर्ताहरूको दावी छ । 'एमके–४४८२रईआईडिडि–२८०१ सार्स कोभिड–१९संक्रमण विरूद्ध ट्रायल–२/ट्रायल ३ को चरणमा छ ।' अनुसन्धानकर्ताहरूले भने ।

# यस्ता छन् मुटु स्वस्थ राख्ने ७ उपाय



तपाईं आफ्नो मुटुलाई स्वस्थ बनाउने सबालमा विभिन्न तत्वको महत्वपूर्ण भूमिका हुन्छन् । कतिपय कुराहरु आफ्नो काबु बाहिरको परिस्थितिमा पनि हुन्छ। जस्तै वंशानुगत समस्या रहेछ भने तपाईंले त्यसलाई परिवर्तन गर्न सक्नुहुन्छ । तपाईंको पारिवारिक पृष्ठभूमि मुटु रोगसम्बन्धी छ भने तपाईलाई यसको बढ्दो खतरा हुन्छ। मुटु रोगको खतरलाई न्यून गर्ने केही प्रमाणित उपाय यस प्रकार रहेका छन् ।

**धुमपानको आदत त्यागिदिनुहोस्**

पिउने आदतले मुटु रोगीलाई झनै अशर गर्छ। गत वर्ष बेलातयका १० लाख मानिसहरुमा गरिएको एक अध्ययन अनुसार धुमपान गर्ने व्यक्ति अन्य भन्दा १० वर्ष अगाडि नै मर्ने गर्छन्। ४० वर्ष अगाडि नै धुमपान गर्न छोडिदिनु भयो भने तपाईले यसलाई निरन्तरता दिदा भन्दा तपाई १० गुण बढी स्वस्थ हुने सम्भावना हुन्छ। मुटुको अतिरिक्त तपाईं स्वाश्सप्रशास, मुड, स्ट्रोक, डायबिटिज, क्यान्सर, रक्तप्रवाह लगायत अन्य समस्याहरुमा तीव्र सुधार हुन्छ ।

**तौल घटाउनुहोस्**

मुटु रोग र अत्यधिक मोटोपनबीच पनि ठूलो सम्बन्ध रहेको छ। तौलमा हुने बृद्धिले तपाईलाई टाइप २ डायबिटिजको खतरा मात्र ल्याउदैन मुटु रोगको खतरलाई बढाउछ। हिपमा भन्दा कम्मरमा बढी तौल छ भने तपाई स्वास्थका दृष्टिले अझै बढी जोखिममा पर्नुहुन्छ। यस्तो अवस्थामा हृदयघात, उच्च रक्तचाप, सुगरको समस्या बढ्छ ।

**मोटोपनबाट मुक्त ज्यान स्वास्थ्यका लागि उपयुक्त हो त ?**

संतृप्त तौललाई कटौती गर्न तपाईंलाई चिकित्सकहरुले सुझाब दिएका होलान्। र गतमा खराब कोलोस्ट्रोलको मात्र बढ्ने र यसले मुटुका धमनीलाइ साँगुरो पारी ह्रदयघत गराउने भएकोले पनि तौल घटाउन चिकित्सकले सुझाब दिने गर्छन्। तपानी थोरै मात्रामा खाइने बटर, घ्यु क्रिम स्वास्थका लागि त्यति डरलाग्दो नहुने विज्ञहरु बताउँछ।

**रातो मासु नखानु**

मुटु स्वस्थ बनाउन रातो मासु नखान विज्ञहरुले बताउदै आएका छन्। धेरै मात्रामा रातो मासु खानेमा मुटु रोगको खतरा २४ प्रतिशतले बढाउँछ। हरेक दिन ५० ग्राम परिष्कृत मासु खाने मानिसमा मुटु फेलियरको खतरा ८ प्रतिशत हुन्छ भने मृत्युको सम्भवाना ३८ प्रतिशत हुन्छ। रातो मासुले पेटसम्बन्धी अन्य रोग पनि निम्त्याउँछ।

**थोरै नुन खाने**

अत्यधिक नुनको सेवनले रक्तचाप बढाउने जीवनको उत्तरार्द्धतिर मुटुको खतरा बढाउँछ। बयस्कहरुले दिनमा ६ग्राम भन्दा पनि न्यून ( एक चिया चम्चा) नुन खानुपर्छ। नुनको मात्रा घटाउनुको अर्थ केबल तरकारीमा नुनको परिणाम घटाउने होइन कि अन्य नुनिला खानेकुरा पनि खान छोड्नुपर्छ ।

**चिनीलाई पनि बाईबाई गरिदिनुहोस्**

अमेरिकाको ठूलो जनसंख्यामा गरि एको एक पछिल्लो अध्ययनमा चिनी मिसाइएको दैनिक २५ प्रतिशत भन्दा बढी दैनिक क्यालोरी खाने मानिसहरुमा मुटु रोगबाट मृत्यु हुने तीन गुणा खतरा रहेको छ। बढी चिनी खादा तौलमा बृद्धि गर्नुका साथै मधुमेयको समस्या बढाउँछ। खाना र पेयमा राखिने चिनिको मात्रा घटाउनुहोस्। दिनहुँ खाने खानेकुरामा हुने चिनिको मात्रालाई विशेष ख्याल गर्नुहोस्।

**सक्रीय रहनुहोस्**

सक्रीय रहनुहोस। यदि तपाई सुस्त र अल्छी हुनुहुन्छ भने आजै देखि सक्रीय हुनुहोस। ४० वर्षपछि केही घन्टा फटाफट हिड्दा, साईकल चलाउदा वा सामान्य गतिविधिमा व्यस्त हुदा तपाईंको मुटु स्वस्थ हुन्छ। त्यसो त व्यायायम लगायतका शारीरिक गतिविधिबाट स्वास्थ्यमा धेरै फाइदा हुन्छ।

**तनावमुक्त हुनुहोस्**

तपाई स्वस्थ मुटु राख्न चाहानुहुन्छ भने तनाबरहित हुनुहोस्। तनावले मुटुसँग विभिन्न समस्या उत्पन्न हुन्छन्। तनाव दिने हर्मन कोर्टिसोले अस्वस्थ फ्याटमा बृद्धि गरी मुटुको समस्याको खतरा बढाउँछ र अझै चिल्लो, चिनीयुक्त खानाप्रतिको आशक्त बढाउँछ। तसर्थ स्वस्थ मुटुको लागि आजैदेखि तनाबर हित हुनुहोस्। *स्वास्थ्यखबर डटकमबाट*

## नेपालको संविधानमा दलितको अधिकार

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने ।सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।

- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।
- सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।
- दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।
- दलित समुदायलेआफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।
- सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।
- प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने।
- दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईने ।
- भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराईनेर आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।
- दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।
- सामाजिक रूपले पछाडि परेका महिला, दलित समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म,प्रथा,परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नु पर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।
- राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रुपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलित मात्र रहने ।

आठविसकोट नगरपालिकाको कार्यालय
रुकुम पश्चिम कर्णाली प्रदेश
नेपाल

## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट्, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, बिबाह कार्ड, शुभकामना कार्ड, कम्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मु.न.पा. १ तल्लो बजार रुकुम (पश्चिम)
**फोन ०८८–५३०२६९ वा ९८४७९५४१९९,**



नेपालको एक मात्र कमलफूल फुल्ने कमलताल । रुकुम पूर्वको सिस्ने गाउँपालिका ५ मा अवस्थित तालको वरीपरि भौतिक पूर्वाधार निर्माण गरीएको छ । तस्वीर - **रेखदेख**

# रहस्यमय होटल : जसको पाँचौं तलमा जान प्रतिबन्ध छ !

कम्युनिस्ट मुलुक उत्तर कोरिया बाहिरी दुनियाँबाट एक प्रकारले अलग छ र यसका बारेमा धेरै कुराहरु संसारलाई थाहा छैन ।

सोही कारण उत्तर कोरियालाई रहस्यको देश पनि भन्ने गर्दछन् कतिपयले । रहस्यमय मुलुक उत्तर कोरियामा एउटा होटल यस्तै रहस्यले भरिएको छ । उक्त होटलको पाँचौं तलामा कसैलाई पनि जान दिइँदैन । यसभित्र एउटा गहिरो मान्यता लुकेको छ ।

उक्त होटलको नाम यंगाकडो होटल हो । राजधानी प्योङ्ग्याङ्गमा रहेको छ । यो उत्तर कोरियाको सबैभन्दा ठूलो होटल मात्र होइन उत्तर कोरियाको सातौं अग्लो भवनसमेत हो ।

ताएडंग नदीको बीचमा रहेको यांगाक टापुमा यो होटल रहेको छ । ४७ तला अग्लो भवमा र हेको यो होटलमा कुल १ हजार वटा कोठा रहेका छन् । यसमा चारवटा रेष्टुरेन्ट, एक अत्याधुनिक बाउलिङ एल्ले तथा एक मसाज पार्लर रहेको छ ।

यो होटल उत्तर कोरियाको पहिलो लग्जरी होटल हो ।


६ वर्ष लगाएर यो होटलको निर्माण सम्पन्न भएको थियो । सन् १९८६ मा यसको निर्माण सुरु भएको थियो । फ्रान्सको निर्माण कम्पनी क्याम्पेनन बर्नार्डले यो होटल निर्माणको ठेक्का पाएको थियो । सन् १९९६ देखि उक्त होटल सञ्चालनमा आएको हो ।

रोचक त के भने ४७ तले यो होटलमा रहेको लिफ्टमा पाँचौं तलको बटन नै छैन । अर्थात् होटलका पाहुनाहरु पाँचौं तलामा जान सक्दैनन् । मानिसहरुलाई पाँचौं तलमा जानबाट रोक्नका लागि उत्तर कोरिया सरकारले निकै कडा नियम बनाएको छ । जस अनुसार यदि कोही विदेशी नागरिक उक्त होटलको पाँचौं तलमा जबरजस्ती गएको पाइएमा उसलाई आजिवन जेलमा राखिनेछ । सन् २०१६ मा ओट्टो वार्मबियर नामका एक अमेरिकी विद्यार्थी यंगाकडो होटलको पाँचौं लमा गएका थिए । उनलाई तत्काले पुलिसले पक्राउ गरेको थियो । उनले पाँचौं तलमा राखिएको एक पोष्टर उप्काएको पनि आरोप लगाइएको थियो । उनीमाथि सरकारले मुद्दा चलायो र उनलाई १६ वर्षको जेल सजायँ भयो । अनुसन्धानका क्रममा उनीमाथि प्रहरीले निकै यातना दिएको थियो । उनलाई जेल अवधि भुक्तान हुनु अगावै उत्तर कोरियाली जेलमुक्त गरिदियो र उनी निकै कमजोर अवस्थामा अमेरिका फर्किए ।

अमेरिका फर्किएसँगै उनी कोमामा पुगे । सन् २०१७ को जून महिनामा कोमामै उनको मृत्यु भएको थियो । उक्त होटलमा बास बसिसकेका एक अमेरिकी नागरिक केल्भिन सनका अनुसार होटलको पाँचौं तलमा कुनै बंकर जस्तै स साना कोठाहरु रहेका छन् र अधिकांश कोठामा ताल्चा लगाइएको छ ।

कोठाका भित्ताहरुमा अमेरिका विरोधी तथा जापान विरोधी पेन्टिङहरु बनाइएको छ । भित्तामा उत्तर कोरियाली शासक किम जोङ उन तथा उनका पिता किम जोंग इलका तस्वीरहरु समेत टाँगिएको छ । त्यहाँ रहेका हरेक पेन्टिङमा लेखिएको छ, ‘अमेरिकामा बनेको हरेक चिज हाम्रो सत्रु हो । अमेरिकासँग हामीले हजार पटक बदला लिनेछौं ।’ तर अनौठो त के भने उत्तर कोरिया सरकारचाहिँ यंगाकडो होटलमा पाँचौं तला नै नभएको दाबी गर्दछ । *एजेन्सी*

रोचक त के भने ४७ तले यो होटलमा रहेको लिफ्टमा पाँचौं तलको बटन नै छैन । अर्थात् होटलका पाहुनाहरु पाँचौं तलामा जान सक्दैनन् । यदि कोही विदेशी नागरिक उक्त होटलको पाँचौं तलमा जबरजस्ती गएको पाइएमा उसलाई आजिवन जेलमा राखिनेछ ।



## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम
पश्चिम कर्णाली प्रदेश नेपाल

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम**
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com **मुद्रण : राप्ती अफसेट प्रेस रुकुम**